नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १२९ | २०७८ साल पुस २ गते शुक्रबार (17 Dec. 2021 Friday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

कोरोनाकालको चाडबाडः सकेसम्म नगरौं भेटघाट,
भाइरसबाट जोगिएर मनाऔंला अर्को साल ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : हरवाचरवाको मुक्ति... ३ पृष्ठमा : स्वदेश फिर्ती श्रमिकको ... ३ पृष्ठमा :कर्नेल विश्वविद्यालयमा ओमिक्रोन...

## आगोले जलेर दुई बालिकासहित तीनको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, १ पुस ।**

सर्लाहीमा भएको आगलागिका घटनामा दुई बालिकासहित तीन जनाको जलेर मृत्यु भएको छ।

सर्लाहीको कविलासी नगरपालिका ७ सिरसिरया निवासी जोगी महराकी ८ वर्षीया लक्ष्मी र ३ वर्षीया छोरी सुगन्धीको जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

परालले बनेको घरमा बुधबार राति ९:१५ बजेको समयमा विद्युत् सर्ट भएर आगलागी हुँदा दुबै बालिका जलेर गम्भिर घाइते भएपछि जिल्ला अस्पताल मलङ्गवामा समान्य उपचारपश्चात् थप उपचारका लागि काठमाडौं लगिँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ।

फुसको घरमा जाडोबाट बच्न परालको ओछ्यानमा सुतेको अवस्थामा अचानक आगलागी हुँदा मृतक दुवै बालिकाको ६० देखि ७० प्रतिशत शरीर जलेको चिकित्सकको भनाई छ।

आगोले जलेर जोगी महरा आफैँ र उनकी पाँच वर्षीया छोरी सुधा सामान्य घाइते भएका छन्। आगलागीका कारण घरभित्र रहेका सम्पूर्ण सरसमान समेत जलेर नष्ट भएका छन्।

यसैगरी सर्लाही सदरमुकाम मलङ्गवा ६ खुटौनामा आगोले जलेर एक वृद्धको मृत्यु भएको छ। आगोले जलेर गम्भीर घाइते भएका ७० वर्षीय नसिर खाँको बुधबारराति जिल्ला अस्पताल मलङ्गवामा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

अत्यधिक मदिरा सेवन गरेका नसिर घुर ताप्ने समयमा शरीरमा आगो लागेको नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिएका छन्।

## विद्युत प्राधिकरणको महसुल काउन्टर बन्द

**दैनिक समाचारदाता**
**काठमाडौं, १ पुस ।**

नेपाल विद्युत् प्राधिकरणले यही पुस ५ गतेसम्मका महसुल काउन्टर बन्द गरेको छ।

नयाँ महसुल दर कार्यान्वयनका लागि आन्तरिक प्रणालीमा सुधार गर्नुपर्ने जनाउँदै महसुल काउन्टर बन्द गरेको जनाएको छ।

विद्युत् नियमन आयोगको निर्णय अनुसार गत मङ्सिर महिनाको महसुल परिवर्तित महसुल अनुसार हुने भएकाले बिलिङ प्रणालीमा सुधार गर्नुपर्ने प्राधिकरणले जनाएको छ।

आयोगले २० युनिटसम्म बिजुली खपत गर्ने ग्राहकले मासिक ३० रुपैयाँ महसुल तिर्ने गरी व्यवस्था गरेको छ।

नयाँ महसुल दर अनुसार बिलिङ प्रणालीलाई अगाडि बढाउन काउण्टर बन्द गरेर आवश्यक व्यवस्था गर्न लागिएको प्राधिकरणले बिहीबार प्रकाशित गरेको सूचनामा उल्लेख छ।

## स्व. प्राध्यापकद्वयलाई स्मरण गर्दै श्रद्धाञ्जली सभा सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १ पुस ।**

राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसमा स्थापनाकालदेखि नै प्राध्यापन पेशामा संलग्न रहेका दुई प्राध्यापकहरुको स्मरण गर्दै विहिवार राजविराजमा श्रद्धाञ्जली सभा गरिएको छ।

स्व. प्राध्यापक त्रिपुरारी शरणको दोश्रो स्मृति दिवस र स्व. प्रा.उमेश नारायण श्रीवास्तवको १६ औं दिनको पुण्यतिथिमा सो श्रद्धाञ्जली सभा आयोजना गरिएको हो।

आयोजित श्रद्धाञ्जली सभामा पूर्व क्याम्पस प्रमुख अमरकान्त झाले स्व. शरण आफ्नो पेशाप्रति पूर्णसन्तुष्ट रहेका र उनी हाम्रा अभिभावक समेत रहेको तथा श्रीवास्तव जस्ता भारतीय शिक्षकहरुले नेपालको शिक्षा क्षेत्रमा विशिष्ट योगदान दिएको स्मरण गरे।

सभामा प्रा.डा. पिताम्वरलाल यादव स्व. प्राध्यापकद्वय आदर्श शिक्षक र आदर्श व्यक्तित्वको धनी तथा वहुप्रतिभाशाली व्यक्तित्व रहेको चर्चा गर्दै उहाँहरुको निधनले शिक्षा क्षेत्रलाई अपूर्णीय क्षति भएको उल्लेख गरे।

पूर्व शिक्षक खेलानन्द झाले प्रेरणका श्रोत रहेका स्व. प्राध्यापकद्वय अनुशासन, कर्तव्यपरायण, आपसी सम्बन्ध बलियो भएका व्यक्तित्व रहेको चर्चा गरे। सोही अवसरमा बरिष्ठ पत्रकार अनिल कुमार अनलले स्व. उमेश बाबुको बारेमा स्व. शरणजीले लेख्नु भएको लेख पढेर सुनाउदै स्वर्गीय

*बाँकी तीन पृष्ठमा*

## घडेरी जग्गा बिक्रीमा

जनकपुरधामको मुजेलियास्थित घडेरी जग्गा बिक्रीमा छ।

**सम्पर्क : 9851071430**

## आवश्यकता। आवश्यकता॥ आवश्यकता॥।

खदिजा ट्रेडर्स एण्ड सप्लायर्सलाई एक जना अनुभवी इच्छुक कर्मचारी चाहिएकोले समयमै सम्पर्क गर्नु होला।

**पद : लेखापाल/संख्या : १ (एक) जना**

+2 (Management) मा उत्तिर्ण गरेको वा सो सरह एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा Accounting Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने।

**सम्पर्क**


**खदिजा ट्रेडर्स एण्ड सप्लायर्स**
**राजविराज ९, मलेठ, बिहारपुर**
**मोबाइल नं. ९८०१५१५०१५**

## साधारण सभा सम्बन्धी सूचना

हाम्रो कृषि सहकारी संस्था लिमिटेड राजविराज ७ को १२ औं वार्षिक साधारण सभा मिति : २०७८/९/९ गते हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावमा साधारण सभामा सहभागिका लागि हार्दिक अनुरोध गर्दछौं।

**मिति :** २०७८/९/९ गते
**स्थान :** नेपाल पत्रकार महासंघ सप्तरीको सभाहल, राजविराज
**समय :** दिनको १२ बजेदेखी

**व्यवस्थापक**
**हाम्रो कृषि सहकारी संस्था, राजविराज-७, सप्तरी**




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# बिस्तारै सवारी चलाऔं, ढिलो गरि गन्तब्य पुग्नु नै बुद्धिमानी

अहिलेको परिवेशमा सवारी दुर्घटना एउटा ठूलो चुनौतीको रुपमा देखिएको छ । हाल नेपालमा दिनहुँ जसो सवारी दुर्घटना भइरहेको छ । दुर्घटनाका कारण अकालमै मानिसहरुको मृत्यु हुने गरेको छ । सानो गल्तीका कारण हुने दुर्घटनाले परिवारलाई नै क्षतबिक्षत गरिरहेको अवस्था छ । तथ्याङ्कलाई हेर्ने हो भने सप्तरी जिल्लामा पनि दुर्घटना हुने क्रम बढ्दो छ । दुर्घटनामा पनि सबैभन्दा बढी मोटरसाइकल दुर्घटना हुने गरेको तथ्याङ्कले देखाउछ । त्यसमा पनि कलिलो उमेरका युवाहरु बढी दुर्घटनामा पर्ने गरेका छन् । यसका लागि स्वयम युवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ । तर, त्यो गरिएको पाइन्न् । त्यसका अभिभावक पनि उत्तिकै गैरजिम्मेवार भएको देखिन्छन् । अभिभावकको गैरजिम्मेवारपन, सचेतनाको अभाव तथा युवा जोशका कारण यस्ता दुर्घटना हुने गरेको पाइएको छ ।

यसरी सवारी दुर्घटनालाई न्यूनिकरण गर्नका लागि प्रहरीले विभिन्न सचेतनामूलक कार्यक्रमदेखी सवारी चालकलाई चेतना समेत दिएका छन् । लामो तथा छोटो दुरीका सवारी चालकलाई समय समयमा दुर्घटना न्युनिकरणका लागि जनचेतना दिएको पाइन्छ । नयाँ नयाँ मोटरसाइकल खरीद गरेर अभिभावकले आफ्ना बालबालिकालाई संयमताका साथ गुडाउन नभन्नु र समय समयमा उनीहरुको गतिविधी समेतमा ध्यान दिन नसक्नु पनि हो ।

तसर्थ बढ्दो सवारी दुर्घटना न्युनिकरणका लागि सम्बन्धीत निकायले निरन्तर सचेतना दिनुपर्नेमा ध्यान पुऱ्याउनु आवश्यक रहेको छ । सवारीसाधनको गति बढाएर दुर्घटनालाई निम्त्याउनु भन्दा राम्रो बिस्तारै चलाएर ढिलोगरि आफ्नो गन्तव्यमा पुग्नु नै बुद्धिमानी हो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# हरवाचरवाको मुक्ति पहिलो सर्त

काठमाडौं, १ पुस (रासस) ।

हरवाचरवाका नाममा रहेको अनुचित ऋण खारेजीसहित मुक्तिको घोषणा गर्नुपर्ने मागसहित काठमाडौं घोषणापत्र जारी गर्दै कृषि बधुवा मजदूर सम्मेलन सम्पन्न भएको छ ।

कृषि बधुवा मजदूर अधिकार मञ्च र राष्ट्रिय दलित नेटवर्क नेपाललगायत सङ्घ/संस्थाद्वारा आयोजित दुई दिने सम्मेलनले हरवाचरवाको स्पष्ट तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र परिचयपत्र वितरण गर्नुपर्ने मागसमेत गरेको छ ।

सम्मेलनले हरुवाचरुवाको पुनःस्थापना गर्दा कम्तीमा १० कठ्ठा जमिन प्रदान गर्न र हरवाचरवाका लागि शिक्षा, स्वास्थ्य र रोजगारीसहितको पुनःस्थापना गर्नसमेत माग गरेको छ । 'धेरै लामो समयदेखि छलफल भई विज्ञसामेतको सुझाव प्राप्त भएको हलिया श्रम निषेध गर्ने ऐन पारित हुन नसक्दा सङ्घीय सरकार, प्रदेश र स्थानीय सरकारको निम्ति पनि हलिया पुनःस्थापनाको काम प्राथमिकतामा नपरेकोप्रति सम्मेलनले सरकारको ध्यानाकर्षण गराएको छ । यसैगरी प्रमाणीकरण भएका तर परिचयपत्र प्राप्त गर्न बाँकी रहेका हलियालाई अविलम्ब परिचयपत्र वितरण गर्न तथा छुट हलियालाई एक पटकको लागि पुनःप्रमाणीकरण खुला गर्न पनि घोषणा पत्रमा माग गरिएको छ ।

बाध्यात्मकरूपमा अरुको घरमा ऋण, जमिन वा पछि अन्नपात पाउने शर्तमा काम गरिरहेका कृषि मजदूरमध्ये खेत जोत्नेलाई हरवा भनिन्छ भने गाईवस्तु चराउनेलाई चरवा भनिन्छ । यस्ता हरवाचरवाले एकातर्फ उचित ज्याला पाउँदैनन् भने अर्कोतर्फ धेरैले बाबुबाजेले कुनै जमानामा कुनै व्यक्तिसँग लिएको ऋणको ब्याजबापत काम गरिदिनुपर्ने बाध्यता छ ।

जसको घरमा पुस्तौंदेखि उनीहरू ऋण चुक्ताका लागि श्रम गरिरहेका हुन्छन् । तिनैलाई ऋण कति थियो र कति समय श्रम गरेपछि त्यो कट्टा हुन्छ भन्नेसमेत जानकारी हुँदैन । यस अर्थमा हरुवाचरुवा पुस्तौंदेखि न्यायिक ज्यालाविनै श्रम गर्न बाध्य छन् । सन् २०१३ मा आइएलओले गरेको अध्ययन अनुसार हरवाचरवाको सङ्ख्या एक लाख भन्दा बढी भएको अनुमान गरिएको छ ।

हाल 'द' फ्रिड्म फण्ड तथा सिएसआरसिले गरेको अध्ययनले हरवाचरवा अनियमित ऋणका कारण अझैपनि बधुवाको रुपमा रहेको तथ्य छ । नेपालको संविधानको धारा २९ शोषणविरुद्धको हकअन्तर्गत उपधारा (३) मा कसैलाई पनि बेचविखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन र उपधारा (४) मा कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन भने धारा ४० को उपधारा (५) र (६) मा दलितलाई एक पटक जमिन र आवास उपलब्ध गराउने मौलिक हकको व्यवस्था गरेको छ । सम्मेलनले मुक्तकमैयाको वास्तविक अर्थमा मुक्तिको लागि बहुआयामिक गरिबी र बधुवा श्रमको स्थितिबाट पूर्णतयामुक्त गर्दै आधुनिक किसान वा श्रमिकमा रुपान्तरित गर्न हजारौंको सङ्ख्यामा छुट र मुक्तकमैयाको पुनः एकपटक लगत लिने व्यवस्थासहित उनीहरूलाई परिचयपत्र प्रदान गरी पुनःस्थापना प्याकेजमा समावेश गर्न पनि सम्मेलनले माग गरेको छ ।

अझैसम्म दास प्रथाको अवशेषको रुपमा कृषि बधुवा श्रमिकहरू हरवाचरवाको रुपमा रहेको घोषणा पत्रमा उल्लेख छ । सम्मेलनले हरवाचरवाको नागरिकता, जन्मदर्ता, सामाजिक सुरक्षा भत्तालगायतका सवालहरूलाई सहज ढङ्गले सम्बोधन गरिदिन, पहिचान, प्रमाणीकरण र परिचयपत्र वितरणका लागि पहल गर्न, हरवाचरवा भूमिहीन भएकाले भूमिमाथि उनीहरूको स्वामित्व कायम गराउन, हरवाचरवाको आयआर्जन प्रबर्द्धन गर्नका लागि जीविकोपार्जन सिप विकास तालिममा उनीहरूको पहुँच कायम गरिदिन र नेपाल सरकारको नीति अनुसार 'समान कामको समान ज्याला' कायम गर्दै श्रम शोषणको अन्त्य गर्न मागसमेत गरेको छ ।

छुट कम्हलरीको एकीन तथ्याङ्क सङ्कलन गरी उनीहरूलाई परिचयपत्र प्रदान गर्न र अझै पनि कम्लहरिका रुपमा काम गरिरहेका बालिकाकाका मालिकलाई कानुनी दायरामा ल्याई कम्हलरीलाई सम्पूर्ण रुपमा मुक्त गराउनुपर्ने घोषणामा भनिएको छ ।

# नेपालमा अब उच्चस्तरको इन्टरनेट सेवा सुरु

काठमाडौं, १ पुस (रासस) ।

नेपालमा पनि अब विश्वका अन्य मुलुकहरुको भन्दा पनि उच्चस्तरको इन्टरनेट सेवा उपलब्ध हुने भएको छ । नेपालको ठूलो इन्टरनेट सेवा प्रदायक वल्र्डलिंकले पहिलोपटक ६०० एमबिपिएस गतिको इन्टरनेट भित्र्याएपछि इन्टरनेटका क्षेत्रमा नेमालले ठूलो फड्को मार्न सक्ने बताइएको छ ।

विश्वमा हाल औसत इन्टरनेटको स्पिड ८० एमबिपिएस हाराहारीमा रहेको छ भने नेपालमा औसत स्पिड २२ एमबिपिएस छ । वल्र्डलिंकले नयाँ योजना सार्वजनिक गरेसँगै नेपालको औसत स्पिड पनि ८० एमबिपिएस पुग्ने अपेक्षा गरिएको छ ।

उपभोक्तालाई सुपथ मूल्यमा उच्च गतिको इन्टरनेट सेवा दिने उद्देश्यसहित यो प्याकेज ल्याइएको वल्र्डलिंकले जनाएको छ । यसमा नोकिया बेकन ३.० राउटर प्रयोग हुने वल्र्डलिंकका प्रमुख कार्यकारी अधिकृत केशव नेपालले जानकारी दिनुभयो । यो सँगै वल्र्डलिंकको इन्टरनेट स्पिड अब कम्तिमा पनि १५० एमबिपिएस गतिको हुने उहाँले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "उपभोक्ताले पहिलाको भन्दा पनि सस्तो मूल्यमा कम्तिमा पनि १५० एमबिपिएस गतिको इन्टरनेटको अनुभव गर्न पाउने छन् ।"

वल्र्डलिंक सधैं उपभोक्तालाई सस्तो मूल्यमा गुणस्तरीय इन्टरनेट सेवा दिन प्रयाशरत रहेको उल्लेख गर्दै वल्र्डलिंकका निर्देशक मनोज अग्रवालले नेपालको इन्टरनेट स्पिडलाई विश्वमै प्रतिस्पर्धी योजना बनाउने अनुरुप नयाँ योजना सार्वजनिक गरेको बताउनुभयो । घरायसी उपभोक्ताले अब वार्षिक १४ हजार ४०० अर्थात मासिक एक हजार २०० मा १५० एमबिपिएस गतिको इन्टरनेट उपभोग गर्न पाउने छन् । एक सय ५० एमबिपिएससहित २२५ र ३०० एमबिपिएस गतिको इन्टरनेट पनि पहिलाको भन्दा कम मूल्यमा उपभोग गर्न पाइने कम्पनीले जनाएको छ ।

उच्च गतिको इन्टरनेट स्पिडले उपभोक्तालाई घरमै बसेर कार्यालयको काम गर्न, भिडियो हेर्न, अनलाइनको कक्षामा संलग्न हुनुका साथै विभिन्न गेम खेल्नका लागि पनि निकै सहज हुने निर्देशक अग्रवाल बताउनुहुन्छ । वल्र्डलिंकका हालका प्रयोगकर्ताले नयाँ योजनामा सहजै सहभागी हुनसक्ने तर यसका लागि डुअल ब्याण्ड भएको राउटर आवश्यक पर्नेछ ।

यो योजनाले इन्टरनेट सेवाग्राहीको वाई फाई कभरेज, स्पिड कम हुने समस्या समाधान गर्ने कम्पनीको विश्वास रहेको छ । उपभोक्तालाई गुणस्तरीय सेवाको प्रत्याभूति गर्न वल्र्डलिंकले मर्मत सेवालाई प्रभावकारी बनाउँदै लगेको प्रमुख कार्यकारी अधिकृत नेपालले बताउनुभयो । हाल पाँच लाख ६५ हजार परिवारलाई इन्टरनेटसँग जोडेको वल्र्डलिंकले तीन वर्षभित्र देशभरका पालिकाका ९५ प्रतिशत वडास्तरमा पुग्ने लक्ष्य रहेको बताउँदै सरकारले विपन्न गरिबको पहिचान हुने परिचय पत्र प्रदान गरेको अवस्थामा उनीहरुसम्म इन्टरनेट पहुँच पुऱ्याउन कम्पनी तयार रहेको छ भन्नुभयो । उहाँका अनुसार हाल देशका ७५ जिल्लामा वल्र्डलिंकमार्फत इन्टरनेट सेवा पुगेको र कर्णालीका प्रत्येक गाउँपालिकामा सेवा विस्तार गरिएको छ ।

देशका विभिन्न १५ हजार स्थानमा निःशुल्क 'फ्री वाई-फाई' सेवा सञ्चालन गरिएको बताउँदै उहाँले यसलाई ग्रामीण क्षेत्रमा विस्तार गरी विपन्न समुदायमा इन्टरनेटको पहुँच विस्तार गर्न लागिएको जानकारी दिनुभयो ।

सरकारको डिजिटल नेपालको अवधारणालाई सफल तुल्याउन पनि गुणस्तरीय इन्टरनेट सेवालाई देशभर विस्तार गर्नु आवश्यक रहेको निर्देशक अग्रवालले बताउनुभयो । उहाँले भन्नुभयो । "हाल धेरै इन्टरनेट सेवा प्रदायकहरुले घरघरमा फाइबर जडान गरेका छन् तथा ठूला शहरहरुमा मात्र फिक्ड ब्रोडव्यान्ड सेवाहरु सीमित रहेको अवस्थामा हामीहरु गाउँगाउँमा पुगेर सेवा विस्तार गरिरहेका छौं ।"

# गरिबी निवारण, जलवायु परिवर्तन र बाल मृत्युदर घटाउनमा बङ्गलादेश सफलता पाउँदै

काठमाडौं, १ पुस (रासस) ।

यहाँस्थित बङ्गलादेशी राजदूतावासमा बिहीबार 'पचासौं विजय दिवस' मनाइएको छ ।

आजकै दिन पाकिस्तानी सेनामाथि नौ महिनासम्म सङ्घर्ष गरी विजय प्राप्त गरेर बङ्गलादेश सार्वभौम भएको थियो । यसै वर्ष जातीय नेता राष्ट्रपिता शेख मुजिबर रहमानको जन्मशताब्दी र स्वतन्त्रताको स्वर्ण वर्ष पनि त्यहाँ मनाइँदै छ ।

सो अवसरमा नेपालका लागि बङ्गलादेशी राजदूत सलाहुद्दीन नोमन चौधरीले यहाँस्थित राजदूतावासमा त्यहाँको राष्ट्रिय झण्डोत्तलन गर्दै बङ्गलादेशको स्वतन्त्रता र सार्वभौमिकताका लागि बङ्गबन्धु रहमानले चौध वर्षसम्म कारागारमा रहनुपरेको र ठूलो सङ्घर्ष गरेको स्मरण गर्नुभयो ।

उहाँले आफ्नो देश स्वतन्त्र भएपछि नेपालले छिट्टै मान्यता दिएकामा बङ्गलादेश नेपालीप्रति सधैं कृतज्ञ रहेको जनाउँदै दुई देशबीचको मित्रता अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा बङ्गलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमिद, प्रधानमन्त्री शेख हसिना, विदेशमन्त्री डा एके अब्दुल मोमेन र विदेश राज्यमन्त्री मोहम्मद सहारियर आलमले जारी गर्नुभएको शुभकामना सन्देश पढेर सुनाइएको थियो । उहाँहरुको शुभकामना सन्देशमा 'भिजन २१', 'भिजन २०४१' र 'बङ्गलादेश डेल्टा प्लान'मार्फत सन् २०३० सम्म राष्ट्रसङ्घीय दिगो विकास लक्ष्य हासिल गर्दै २०४१ सम्ममा बङ्गलादेशलाई विकसित र समृद्ध बनाइने उल्लेख छ ।

बङ्गलादेशले गरिबी निवारण, जलवायु परिवर्तनका नकारात्मक असर र बाल मृत्युदर घटाउन सफलता पाइरहेको कार्यक्रममा बताइएको छ ।

सो अवसरमा बङ्गलादेशी दूतावासका मिनिष्टर एण्ड डेपुटी चिफ मिसन इसरात जहान, नेपाल बङ्गलादेश मैत्री सङ्घका अध्यक्ष दीनदया रिजाल, नेपाल - बङ्गलादेश चेम्बर अफ कमर्सका एलबी श्रेष्ठलगायतले बङ्गलादेशमा राजनीतिक स्थिरताका साथै शान्ति, सद्भाव, आर्थिक वृद्धि र विकास तीव्र भइरहेकामा खुशी व्यक्त गर्दै दुई देशबीच ऊर्जा क्षेत्रमा सम्झौता भएको र आगामी दिनमा सडक, हवाई यातायात र सम्पर्क सञ्जाल बढ्ने तथा पर्यटन, साहित्य, कला, संस्कृति आदि क्षेत्रमा अझ सहयोग आदानप्रदान हुने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा राजदूतावासका कर्मचारी, यहाँस्थित बङ्गलादेशी नागरिक र नेपालका विभिन्न समुदायको व्यक्तित्वको सहभागिता रहेको थियो ।

# स्वदेश फिर्ती श्रमिकको पुनःएकीकरण चुनौतीपूर्ण बन्दै

काठमाडौँ, १ पुस (रासस) ।

सरकारले बाध्यकारी वैदेशिक रोजगारी अन्त्य गर्ने अठोट लिए पनि स्पष्ट नीति, योजना र कार्यक्रम नहुँदा वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका श्रमिकको पुनःएकीकरण चुनौतीपूर्ण बन्दै गएको छ ।

पुनःएकीकरणसम्बन्धी नीति तथा सम्बन्धित ऐन, कानुन तथा निर्देशिकालगायत नीतिगत तथा संरचनागत व्यवस्थाको निर्माणमा भइरहेको ढिलाइले पुनः एकीकरणमा चुनौती थपेको हो ।

विदेशबाट फर्केका श्रमिकको सीप परीक्षण तथा प्रमाणीकरणको व्यवस्था गरी प्राप्त ज्ञान, सीप तथा अनुभवको भरपुर सदुपयोग हुने गरी काम र सेवा सुविधा उपलब्ध नहुँदा तथा स्वदेश फर्केका सीपयुक्त जनशक्तिको एकीकृत तथ्याङ्क राज्यसँग नहुँदा पुनःएकीकरणसम्बन्धी कार्यक्रम तर्जुमामा अन्योल देखिएको छ ।

आप्रवासी श्रमिकसँग सरोकार राख्ने सङ्घसंस्थाले भारतलगायत विदेशबाट फर्केका श्रमिकको खण्डीकृत तथ्याङ्क राख्न, पुनःएकीकरणका विषयलाई गन्तव्य मुलुकसँग गरिने द्विपक्षीय सम्झौता र समझदारीपत्रमा समावेश गर्न, पुनःएकीकरणसँग सम्बन्धित वा पुनःएकीकरणमा सघाउ पुग्ने गरी सञ्चालित सेवा सुविधा तथा कार्यक्रमका विषयमा व्यापक प्रचारप्रसार गर्नुपर्नेमा जोड दिँदै आए पनि त्यसले मूर्तरुप लिनसकेको छैन ।

लामो समयसम्म विदेशी भूमिमा आफ्नो पसिना खर्चेर सीप र पूँजी लिएर नेपालमै समृद्धिको ढोका उघार्ने मनोकाक्षासहित स्वदेश फर्केका 'रिटर्नी'ले आशातित सफलता हासिल गर्न सकेका छैनन् । विदेशको रोजगारी छाडेर बर्सेनि स्वदेश फर्कने नागरिकको सङ्ख्या ८० हजार हाराहारी रहेको अनौपचारिक तथ्याङ्क छ । विप्रेषणको माध्यमबाट मुलुकको अर्थतन्त्रलाई गतिशील बनाउँदै आएका आप्रवासी श्रमिकप्रति राज्यको ध्यान नपुगेको सरोकारवालाको भनाइ छ । मुलुकको ५६ प्रतिशत घरधुरीमा विप्रेषणको हिस्सा पुगेको छ ।

सरकारले नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त बैंक तथा वित्तीय संस्थाले वैदेशिक रोजगारीबाट फर्केका युवालाई स्वदेशमै उद्यमशील बनाउन परियोजना धितोमा आधारित रहेर सहुलियतपूर्ण कर्जा दिनुपर्ने व्यवस्था गरेको भए पनि प्रभावकारी कार्यान्वयन नहुँदा सरकारको निर्देशन कागजमा सीमित रह्यो । केही वर्षअघि वैदेशिक रोजगार बोर्डले स्वदेश फर्केका युवालाई उद्यमशील बनाउन सहजीकरण गर्ने उद्देश्यका साथ सहुलियतपूर्ण कर्जाका लागि प्रस्ताव आह्वान गरेको थियो ।

बोर्डको उक्त आह्वानअनुसार १८ हजार बढी स्वदेश फर्केका युवाले परियोजना प्रस्ताव पेश गरेका थिए । तर त्यसरी प्रस्ताव गर्नेमध्ये अत्यन्त सानो सङ्ख्याका युवाले मात्र कर्जा प्राप्त गरेका थिए । करिब ४०० युवाले मात्र सहुलियत कर्जा प्राप्त गरेको रिटर्नी माइग्रेन्ट नेपालले जनाएको छ ।

अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस २०२१ को अवसरमा सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले ' बिहीबार आयोजना गरेको अन्तर्क्रियामा सहभागीले वैदेशिक रोजगारीबाट फर्केका श्रमिकलाई मानसिक, सामाजिक र आर्थिक रुपमा पुनःस्थापित गराउन नसक्दा स्वदेशमै श्रम र पसिना बगाउने उनीहरुको सोचले ठोस् आकार लिन नसक्दा फेरि निराशा बोकेर विदेशिन बाध्य भएको यथार्थ प्रस्तुत गरेका थिए ।

सीप र पूँजीसहित स्वदेश फर्केका युवालाई परिचालन गरेर मुलुकको आर्थिक सामाजिक रुपान्तरणमा अथाहा सम्भावना भए पनि उनीहरुको भावनालाई सम्बोधन गर्न नसक्दा मुलुकले ठूलो नोक्सानी व्यहोरिरहेको उनीहरुको भनाइ थियो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै रिटर्नी माइग्रेन्ट नेपालका अध्यक्ष उत्तम अधिकारीले वैदेशिक रोजगारीबाट फर्केर सहज रुपमा पारिवारिक पुनःमिलनमा जान नसकेकाको सामाजिक, आर्थिक अवस्थामा सुधार गर्दै आत्मबल विकासमा सहयोग गर्न, अङ्गभङ्ग भई स्वदेश फर्केकाको जीवनयापनमा निरन्तर सहयोग गर्न तथा वैदेशिक रोजगारबाट आर्जित सीप, अनुभव र पूँजीको उपयोगका लागि प्रोत्साहन गर्न पुनःएकीकरणको कार्यक्रम आवश्यक रहेको बताउनुभयो ।

उहाँले पुनः एकीकरणको स्पष्ट परिभाषासहितको नियमावली/निर्देशिका तत्काल जारी गर्न, सीप पहिचानको व्यवस्था गरी सोहीअनुरुपको रोजगारी व्यवस्थापनका कार्य सञ्चालन गर्न, स्वदेश फर्किएकाको लगत राखी राष्ट्रको आवश्यकताअनुसार उपयोग गर्ने वातावरण सिर्जना गरिनुपर्नेमा जोड दिनुभयो ।

पूर्वसचिव पूर्णचन्द्र भट्टराईले विश्व श्रम बजारमा भइरहेको परिवर्तनलाई आत्मसात गर्दै वैदेशिक रोजगार नीतिपरिमार्जन गर्नुपर्नेमा जोड दिँदै नीति परिमार्जन गरेर मात्र वैदेशिक रोजगारसँग सम्बन्धित ऐन, कानुन तर्जुमा गर्न सुझाव दिनुभयो ।

आप्रवासी श्रमिकको पक्षमा पैरवी गर्दै आउनुभएकी सरु जोशी श्रेष्ठले विप्रेषण पठाएर मुलुकको अर्थतन्त्र चलायमान बनाउँदै आएका, गैरकानुनी तबरबाट विदेश पुगेका अलेखबद्ध (अनडकुमेन्टेड) श्रमिक र भारतमा रहेका नेपाली श्रमिकलाई पुनः एकीकरण कार्यक्रममा समेट्नुपर्नेमा जोड दिनुभयो । स्वदेश फिर्ती श्रमिकको पुनः एकीकरणमा प्रदेश र स्थानीय तहको पनि महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उहाँले पुनःएकीकरण निर्देशिकामाथि घनिभूत छलफल गर्न सुझाव दिनुभयो ।

आप्रवासन शोधकर्ता डा जीवन बानियाँले वैदेशिक रोजगारबाट फर्केका श्रमिकको क्षमता अभिवृद्धि गरिनुपर्ने, स्थानीय र प्रदेश सरकारसँगको समन्वयमा पुनःएकीकरण निर्देशिका ल्याउन, सीप तालिमलाई प्रविधिसँग जोड्न, स्वदेश फर्किएका श्रमिकलाई दिइने सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न, रिटर्नीले सुरु गरेको व्यवसायलाई दीर्घकालसम्म निरन्तरता दिन सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो ।

**वैदेशिक रोजगार नीति पुनरावलोकन गरिने**

कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले श्रम आप्रवासनको अन्तर्राष्ट्रिय परिदृश्यलाई सम्बोधन गर्ने गरी वैदेशिक रोजगार नीति पुनरावलोकन गरिने बताउनुभयो । वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, व्यवस्थित र भरपर्दो बनाउँदै त्यसबाट हुने आर्थिक तथा अन्य लाभबाट गरिबी निवारण तथा दीगो आर्थिक र सामाजिक विकासमा योगदार पुऱ्याउने लक्ष्यका साथ २०६८ सालमा नीति ल्याइएको थियो । नीति प्रत्येक पाँच/पाँच वर्षमा पुनरावलोकन गर्ने भनि एतापनि हालसम्म परिमार्जन भएको छैन ।

सचिव अर्यालले स्वदेश फिर्ता भएका श्रमिकको तथ्याङ्क राख्ने, फिर्ती श्रमिकलाई स्वरोजगार तथा उद्यमी बनाउन सरकारले सहयोग गर्ने बताउनुभयो । रोजगारी सिर्जना गर्ने सरकारका विभिन्न कार्यक्रममा स्वदेश फर्केका श्रमिकलाई जोड्ने विषयमा पनि छलफल भइरहेको उहाँले जानकारी दिनुभयो ।

वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजन श्रेष्ठले स्वदेश फर्केका श्रमिकको चाहनाअनुसार पुनः एकीकरणको प्रक्रिया अगाडि बढाइने बताउनुभयो । उहाँले पुनः एकीकरण निर्देशिकाको मस्यौदा अन्तिम चरणमा रहेको बताउनुभयो ।

# जर्मनीद्वारा नेपाललाई ४१ लाख खोप हस्तान्तरण

काठमाडौँ, १ पुस (रासस) ।

जर्मनी सरकारले नेपाललाई कोरोना भाइरसविरुद्धको ४१ लाख खोपको मात्रा हस्तान्तरण गरेको छ । मन्त्रालयमा बिहीबार आयोजित कार्यक्रममा नेपालका लागि जर्मनीका कार्यवाहक राजदूत डा स्टेफन रसेकले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडालाई उक्त खोप हस्तान्तरण गर्नुभएको हो ।

मन्त्री खतिवडालाई उहाँले कोभ्याक्स सुविधाअन्तर्गत ४१ लाख ४२ हजार २५० खोपको मात्रा हस्तान्तरण गर्नुभएको हो । तीमध्ये २१ लाख ७६ हजार ६५० मात्रा जोन्सन एण्ड जोन्सन र १९ लाख ६५ हजार ६०० मात्रा मोडर्ना रहेका छन् । हस्तान्तरण समारोहमा मन्त्री खतिवडाले जर्मनीले उपलब्ध गराएको खोपले सरकारको लक्ष्य पूरा गर्न मद्दत पुग्ने बताउनुभयो । कोभिड-१९ को सुरुआती अवस्थादेखि नै रोकथाम र नियन्त्रणमा जर्मनी सरकारले निरन्तर सहयोग उपलब्ध गराउँदै आएको भन्दै उहाँले बिहीबार उपलब्ध गराएको खोपले नेपाल र जर्मन सरकार बीचको द्विपक्षीय सम्बन्धमा आज अर्को इँट्टा थपेको बताउनुभयो ।

"कोभिड-१९ को परीक्षणसम्बन्धी सूचना व्यवस्थापन, स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनमा उपलब्ध गराइएको सहायतासमेत सराहनीय छ," मन्त्री खतिवडाले भन्नुभयो, "जर्मनी सरकारका तर्फबाट प्राप्त अन्य स्वास्थ्य उपकरण र सामग्री उपयोगी छ ।" नेपालमा स्वास्थ्यबीमाको सुरुआत र संस्थागत गर्न, अस्पताल तथा स्वास्थ्य संस्था निर्माण गर्न, स्वास्थ्य सूचना प्रणाली संस्थागत गर्न तथा समग्र स्वास्थ्य प्रणाली सदृढीकरणका लागि जर्मन सरकारले पुऱ्याएको सहयोग स्वागतयोग्य रहेको उहाँले बताउनुभयो ।

भूकम्पपश्चात्को पुनःनिर्माणअन्तर्गत जर्मनी सरकारको सहयोगमा गोरखा, जिरी र रामेछापमा अस्पताल निर्माण सम्पन्न भई हस्तान्तरण गरिसकेको मन्त्री खतिवडाले जानकारी दिनुभयो । यस्तै जर्मनी सरकारले रिकभरी-२ कार्यक्रमअन्तर्गत दोलखाको भीमेश्वर स्वास्थ्य चौकी, भक्तपुरको झौखेल स्वास्थ्य चौकी, साँखु प्राथमिक अस्पताल र बझाङ्को मेलबिसौनी स्वास्थ्य चौकी निर्माणका लागि प्रारम्भिक चरणको काम भइरहेको छ ।

यस्तै डडेल्धुरा अस्पतालको मातृ तथा बाल स्वास्थ्य भवन र स्टाफ भवन निर्माणको काम भइरहेको, परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालअन्तर्गत तारकेश्वर र चन्द्रागिरि नगरपालिकामा सेटलाइट अस्पताल बनाउने काम अघि बढेको छ । जर्मनी सरकारले कोभिड-१९ को सुरुवातदेखि सरकारलाई १० मिलियन यूरो बराबरको अनुदान रकम उपलब्ध गराएको थियो । सो अवसरमा नेपालका लागि जर्मनीका कार्यवहाक राजदूत डा रसेकले जर्मन सरकारले नेपाललाई स्वास्थ्य र शिक्षामा सहयोग गर्दै आएको भन्दै खोपले नेपाली जनतालाई कोभिड-१९ को महामारीबाट जोगाउने बताउनुभयो ।

मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्रले मोडर्ना खोप यही पुस ४ गतेदेखि १२ वर्षदेखि १७ वर्ष उमेर समूहका बालबालिकालाई लगाइने बताउनुभयो । उहाँका अनुसार सरकारले ५७ जिल्लामा विद्यालयमा गई उक्त उमेर समूहका बालबालिकालाई खोप प्रदान गर्ने छ । यस्तै जोन्सन एण्ड जोन्सन भने विदेश जाने र लक्षित अन्य व्यक्तिलाई लगाइने छ ।

## *स्व. प्राध्यापकद्वयलाई...*

प्राध्यापकद्वयको उत्कृष्ट विचार र व्यवहार बारे चर्चा गरे ।

अधिवक्ता बौद्धकृष्ण भगतको अध्यक्षता तथा प्रेस स्वतन्त्रता सेनानी बैधनाथ झाद्वारा संचालित श्रद्धाञ्जली सभामा प्रा. सुशिल कर्ण, अजय कुमार झा, हितनारायण लाल दासलगायतका वक्ताहरुले स्व. प्राध्यापकद्वयको व्यक्तित्व बारे चर्चा गरेका थिए ।

प्राध्यापक शरणको १६ डिसम्वर २०१९ मा ८१ बर्षको उमेरमा तथा प्राध्यापक श्रीवास्तवको १ डिसम्वर २०२१ मा ९२ वर्षको उमेरमा निधन भएको हो ।

# विश्व समाचार

## कर्नेल विश्वविद्यालयमा ओमिक्रोन संक्रमण व्यापक

इथाका (अमेरिका), १ पुस (रासस-एएनआई) ।

कर्नेल विश्वविद्यालयले डिसेम्बर ७ देखि १३ सम्म यहाँका ९०३ विद्यार्थीहरूमा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको बताएको छ । विश्वविद्यालयका अधिकारीहरूले तीमध्ये 'धेरै उच्च प्रतिशत' पूर्णरूपमा खोप लगाएका व्यक्तिहरू छन् र तिनीहरूमा ओमिक्रोन सङ्क्रमण देखिएको छ ।

विश्वविद्यालय सम्बन्धका लागि उपाध्यक्ष जोएल मालिनाले विज्ञप्ति जारी गर्दै ओमिक्रोन भेरियन्टको लगभग सबै केसहरू पूर्ण रूपमा खोप लगाइएका विद्यार्थीहरूमा फेला परेको र केहीले बुस्टर शट पनि लगाएका थिए । विश्वविद्यालयका झण्डै ९७ प्रतिशत विद्यार्थीलाई खोप लगाइएको छ ।

सङ्क्रमण बढ्दै गएपछि विश्वविद्यालयले न्यूयोर्क राज्यको इथाका क्याम्पस बन्द गर्ने घोषणा गरेको छ । अन्तिम सेमेस्टर परीक्षाहरू अनलाइन माध्यमबाट लिइनेछ भने एथलेटिक्स र अन्य गतिविधिहरू स्थगित गरिएको छ । त्यसैगरी पुस्तकालयहरू अर्को आदेश नभएसम्म बन्द गर्न आदेश दिइएको छ ।

## भारतमा थप सात हजार ९७४ नयाँ सङ्क्रमित

नयाँ दिल्ली, १ पुस (रासस/एएनआई) ।

भारतमा कोरोना भाइरसबाट थप सात हजार ९७४ सङ्क्रमित भएका छन् । सरकारी अधिकारीले सोही अवधिमा थप ३४३ जनाको कोरोनाका कारण मृत्यु भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले बिहीबार जानकारी दिएको छ ।

यसैसँगै भारतमा कोरोनाको कारण ज्यान गुमाउने व्यक्तिको संख्या चार लाख ७६ हजार ४७८ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ ।भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेका सङ्क्रमितको सङ्ख्या ८७ हजार २४५ रहेको छ । अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या कुल सङ्क्रमितको सङ्ख्याको ०.२५ प्रतिशत मात्रै रहेको मन्त्रालयले जनाएको छ । यो सङ्ख्या सन् २०२० को मार्च पछिकै सबैभन्दा कम रहेको अधिकारीले जनाएका छन् ।

गएको २४ घण्टामा भारतमा आठ हजार ९४८ कोरोनाबाट मुक्त भएका छन् । यसैसँगै कोरोना शुरु भएयता हालसम्म तीन करोड ४१ लाख ५४ हजार ८७९ जनालाई कोरोना सङ्क्रमण निको भएका छन् । भारतमा कोरोना भाइरस निको हुने दर ९८.३८ प्रतिशत रहेको जनाइएको छ । यो सङ्ख्या सन् २०२० को मार्चपछि सबभन्दा बढी भएको समाचारमा जनाइएको छ ।

भारतमा कोरोना शुरु भएदेखि हालसम्म ६६ करोड २ लाख व्यक्तिको कोरोना परीक्षण भएको छ । यहाँ गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयदेखि हालसम्म एक अर्व ३५ करोड २५ लाख डोज खोप लगाइएको जनाइएको छ ।

## जम्मु-कश्मीरको कुलगाम मुठभेडमा दुई अज्ञात आतंकवादी मारिए

कुलगाम (जम्मु र कश्मीर) भारत, १ पुस, (रासस-एएनआई) ।

जम्मु र कश्मीरको कुलगाम जिल्लाको रेडवानी क्षेत्रमा बुधबार राति सुरक्षा बल र आतंककारीहरूबीचको मुठभेडमा दुई अज्ञात आतंकवादी मारिएको प्रहरीले जनाएको छ । अहिले त्यहाँ सुरक्षा अपरेशन चलिरहेको र घटनाको विस्तृत विवरण आउँन बाँकी रहेको प्रहरीले जनाएको छ ।

## डोमिनिकन रिपब्लिकमा विमान दुर्घटना, नौ जनाको मृत्यु

सान्टो डोमिङ्गो (डोमिनिकन रिपब्लिक) १ पुस (रासस-एएनआई) ।

डोमिनिकन गणतन्त्रको राजधानी सान्टो डोमिङ्गोमा बिहीबार आपत्कालीन अवतरण गर्ने क्रममा निजी विमान दुर्घटना हुँदा कम्तीमा नौ जनाको मृत्यु भएको छ ।

विमानको सञ्चालक हेलिडोसा एभिएसन ग्रुपले विज्ञप्ति जारी गर्दै घटनामा सात यात्रु र दुई चालक दलका सदस्यको मृत्यु भएको सीएनएनले जनाएको छ । विमान डोमिनिकन रिपब्लिकको ला इसाबेला अन्तरराष्ट्रिय विमानस्थलबाट फ्लोरिडा जाँदै थियो । आकस्मिक अवतरण गर्ने क्रममा उडान भरेको १५ मिनेटमै दुर्घटनाग्रस्त भएको थियो ।

हेलिडोसा एभिएसन ग्रुपले दुर्घटनाले आफूहरूलाइ ठूलो पीडा र शोक दिएको जनाएको छ । "हामी अनुरोध गर्दछौं तपाई बुद्धिमानीपूर्वक प्रभावित परिवारहरूलाई सहयोग गर्न एकतामा सामेल हुनुहोस्, जो हामीसँगै यस कठिन समयबाट गुज्रिरहेका छन्", समूहले उल्लेख गरेको छ । अहिलेसम्म आकस्मिक अवतरणको कारण थाहा हुनसकेको छैन ।

# महबुव आलमको नेतृत्वमा सप्तरी टिमको घोषणा



**दैनिक समाचारदाता**
**राजबिराज, १ पुस ।** प्रधानमन्त्री कप पुरूष राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत राजबिराजमा संचालन हुने प्रादेशस्तरिय पुरूष सिनियर क्रिकेट छनोट प्रतियोगिताका लागि महबुब आलमको कप्तानीमा सप्तरी सिनियर टिमको छनोट गरिएको छ ।

सप्तरी क्रिकेट संघले बिहिवार राजबिराजस्थित राजरंगशाला खेलमैदान तीन दिनदेखि चलेको बन्द प्रशिक्षणबाट आलमको कप्तानीमा १५ सदस्यीय टोलीको चयन गरेको हो ।

आलमको कप्तानीमा उपकप्तान तथा विकेट किपर आशिष झा, अमित यादव, रोहन बिक, रोहित सिंह, रोबिन सिंह, नितेश यादव, धिरज मण्डल, अजय यादबलाई चयन गरिएको छ ।

यस्तै टोलीका अन्य सदस्यहरुमा निरज यादव, बिकास दास, अमित मण्डल, पप्पु यादव, भोला साहलाई चयन गरिएको छ भने बैकल्पिक खेलाडीहरूमा नितेश यादव, बिकास दास, अभिषेक कार्की छनौट गरिएको छनोट समितिका सदस्य रोशन मण्डलले जानकारी दिएका छन् ।

यसैबीच पुस ३ गतेदेखि संचालन गर्ने भनिएको प्रादेशिक स्तरिय पुरूष क्रिकेट छनोट प्रतियोगिता प्राबिधिक कारण पुस महिनाको दोस्रो सातादेखि राजबिराजस्थित राजरंगशाला खेलमैदान र मबिव क्याम्पस खेल मैदानमा संचालन हुने सप्तरी क्रिकेट सँघका सचिव चन्दनकुमार यादबले जानकारी दिए ।

# बुद्ध एयरको जहाज भरतपुरमा आपत्कालीन अवतरण

चितवन, १ पुस (रासस) । बुद्ध एयरको जहाज भरतपुरमा आपत्कालीन अवतरण गरेको छ । भरतपुरबाट उडान भरेको केहीबेरमै यान्त्रिक गडबडी आएपछि पुनःभरतपुरमै अवतरण गरेको हो ।

नागरिक उड्डयन प्राधिकरण भरतपुरका सूचना अधिकारी दिपक विकका अनुसार दिउँसो १ः१६ बजे आकाशमा उड्नेवित्तिकै प्राविधिक समस्या देखिएको क्याप्टेनले जनाएपछि तत्काल भरतपुरमै अवतरण गरिएको हो । जहाज अवतरणपछि सबै यात्रु सकुशल बाहिर निस्किएका छन् । अन्य कारणका बारेमा खोजी भइरहेको उहाँले जानकारी दिनुभयो ।

बुद्ध एयरको बीच क्राफ्ट जहाजमा १८ जना यात्रु र चालक दलका सदस्य रहेका थिए । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक ओमप्रकाश अधिकारीले यात्रु र चालक दल सबै सकुशल रहेको बताउनुभयो । कुनै समस्या हुनसक्ने भन्दै दमकल तयारी अवस्थामा राखिएको छ । यससँगै यहाँबाट हुने हवाई उडान प्रभावित भएको छ ।

# कांग्रेस महामन्त्रीमा थापा र शर्मा विजयी

काठमाडौँ, १ पुस (रासस) । नेपाली कांग्रेसको महामन्त्री पदमा गगनकुमार थापा र विश्वप्रकाश शर्मा निर्वाचित हुनुभएको छ । कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत गत मङ्सिर २७ गते सम्पन्न निर्वाचनको अन्तिम मतगणना अनुसार महामन्त्री द्वयमा उहाँहरु निर्वाचित हुनुभएको हो ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा भर्खरै सम्पन्न मतगणनामा अनुसार थापाले तीन हजार २३ र शर्माले एक हजार ९८४ मत प्राप्त गर्नुभएको हो । त्यसैगरी महामन्त्रीका अन्य उम्मेदवारहरु क्रमशः डा प्रकाशशरण महतले एक हजार एक हजार ५५६, प्रदीप पौडेलले एक हजार ३९३, डा मीनेन्द्र रिजालले ८०९ र डा राजाराम कार्कीले १०६ मत प्राप्त गर्नुभएको कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ ।

चार हजार ६८२ मत गणनामा भएकामा सबैभन्दा बढी मत थापाले ल्याउनुभयो भने शर्माले दोस्रो स्थानमा जीत हासिल गर्नुभएको छ । निर्वाचन समितिका अनुसार महामन्त्री पदमा ४३ मत बदर भएको थियो ।

महामन्त्री उम्मेदवारको मतगणना बिहान १०:२० बजेदेखि सुरु भएको थियो । कांग्रेस विधानअनुसार केन्द्रीय कार्यसमितिका दुई महामन्त्रीका लागि सोमबार निर्वाचन भएको थियो । उपसभापति पदमा पार्टीका युवा नेताहरु थापा, डा महत, पौडेल, डा रिजाल, डा कार्की र शर्मा उम्मेदवार हुनुहुन्थ्यो ।

# आरोप प्रमाणित गर्न अध्यक्ष दाहालको चुनौती

काठमाडौँ, १ पुस (रासस) । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले पूर्वराजा ज्ञानेन्द्रसँग पाँचबुँदे सहमति भएको भनी नेकपा (एमाले) का अध्यक्ष केपी ओलीले लगाउनुभएको आरोप प्रमाणित गर्न चुनौती दिनुभएको छ ।

उहाँले भन्नुभएको छ, “म केपी ओलीलाई पाँचबुँदे सहमति प्रमाणित गर्न चुनौती दिन्छु ।” अध्यक्ष प्रचण्डले बिहीबार विज्ञप्ति प्रकाशन गरी अध्यक्ष ओलीले गरेको प्रचार गलत रहेको भन्दै खण्डन गर्नुभएको हो । साथै अध्यक्ष प्रचण्डले सो विज्ञप्तिमा एमाले अध्यक्ष ओलीलाई मार्क्सवाद र कम्युनिस्ट सिद्धान्तबाट धेरै पर पुगेको भनी आरोप पनि लगाउनुभएको छ ।

एमाले अध्यक्ष ओलीले बुधबार एक कार्यक्रममा प्रचण्डले पूर्वराजा ज्ञानेन्द्रसँग पाँचबुँदे सहमति गरेको बताउनुभएको थियो । अध्यक्ष प्रचण्डले सो विज्ञप्तिमा अध्यक्ष ओलीको सो प्रचार झूठो हो भन्दै त्यसबाट भ्रमित नहुनसमेत सबैसँग अनुरोध गर्नुभएको छ ।

अध्यक्ष प्रचण्डले आफूले भूमण्डलीकृत साम्राज्यवाद र वित्तीय एकाधिकार पुँजीवादबारे गरेको विश्लेषणमाथि गरिएको टिप्पणीलाई दलाल पूँजीपति वर्गको एजेण्टको टिप्पणी भन्दै आजको पूँजीवादको चरित्रबारे आफूले गरेको विश्लेषण सही रहेको पनि सो विज्ञप्तिमार्फत् दाबी गर्नुभएको छ ।

अध्यक्ष प्रचण्डले नेपालको शेयर बजारका सन्दर्भमा आफू स्पष्ट रहेको र लगानीकर्ताको हितमा रहेकोसमेत उल्लेख गर्नुभएको छ । उहाँले भन्नुभएको छ, “नेपालको शेयर बजारका सन्दर्भमा हाम्रो पार्टी र म समेत लाखौँ लगानीकर्ताको हितका पक्षमा रहेको स्पष्ट गर्न चाहन्छु ।” उहाँले झूठो प्रचारबाट भ्रमित नहुन सम्पूर्ण शेयर लगानीकर्ता जनसमुदायलाई अनुरोध पनि गर्नुभएको छ ।

# राष्ट्रियसभा सदस्य निर्वाचनका लागि मतदान केन्द्र निर्धारण

**दैनिक समाचारदाता**
**काठमाडौं, १ पुस ।** आगामी माघ १२ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले मतदान केन्द्र निर्धारण गरेको छ ।

प्रदेश १ मा पालिका प्रमुख तथा उपप्रमुखका लागि विराटनगरस्थित प्रदेश निर्वाचन कार्यालय र प्रदेशसभा सदस्यहरुका लागि वाली संरक्षण प्रयोगशाला मतदान स्थल तोकिएको छ ।

यसैगरी प्रदेश २ मा महेन्द्र नारायण निधि भवन, बागमती प्रदेशमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सभागृह, गण्डकी प्रदेशमा पोखरास्थित प्रदेश निर्वाचन कार्यालय, लुम्बिनी प्रदेशका लागि दाङस्थित कर्मचारी मिलन केन्द्र, कर्णाली प्रदेशका लागि सुर्खेतस्थित प्रदेश निर्वाचन कार्यालय र सुदूरपश्चिम प्रदेशका लागि धनगढीस्थित प्रदेश सभा भवनमा मतदान केन्द्र रहने आयोगले जनाएको छ ।

आयोगका अनुसार प्रदेश १ मा २ र अन्य ६ वटा प्रदेशमा १/१ वटा मतदान केन्द्रभित्र २/२ वटा मतदानकेन्द्र रहने गरी ८ वटा मतदान स्थलमा १४ वटा मतदान केन्द्रहरु निर्धारण गरिएको छ ।

आयोगका अनुसार निर्वाचनका लागि प्रदेश सभा सदस्यहरु ५३२ तथा पालिका प्रमुख र उपप्रमुखहरु १४९३ गरी कुल २०२५ जना मतदाता हुनेछन् ।

# रक्षामन्त्री डा रिजालद्वारा राजिनामा

काठमाडौँ, १ पुस (रासस) । रक्षामन्त्री डा मीनेन्द्र रिजालले आफ्नो पदबाट राजिनामा दिनुभएको छ । प्रधानमन्त्री शेरबहादुर देउवालाई बिहीबार भेट गरी मन्त्री रिजालले राजिनामा पेश गर्नुभएको हो ।

राजिनामा बुझाएपछि उहाँले अहिले रक्षामन्त्रालयमा पत्रकार सम्मेलन आयोजना गर्नुभएको छ । यसअघि उहाँले सामाजिक सञ्जाल फेसबुकमा पोष्ट गर्दै रक्षामन्त्रीबाट राजिनामा दिने घोषणा गर्नुभएको हो ।

“नेपाली कांग्रेसको १४औँ महाधिवेशनमा मैले प्रतिस्पर्धा गरेको महामन्त्री पदको प्रारम्भिक परिणामबाट नै स्पष्टरुपमा प्राप्त सन्देशलाई दृष्टिगत गर्दै रक्षामन्त्रीको पदबाट राजिनामा दिने निर्णय लिएको छु अन्तिम परिणाम प्राप्त हुनासाथ सम्माननीय प्रधानमन्त्रीसमक्ष राजिनामा पेश गर्नेछु”, नेपाली कांग्रेसका नेता डा रिजालले पोष्टमा भन्नुभएको छ ।

कांग्रेसको महाधिवेशनअन्तर्गत महामन्त्री पदमा उम्मेदवारी दिनुभएका डा रिजालले मतगणनको प्रारम्भिक नतिजा आएलगत्तै राजिनामा दिने निर्णय गर्नुभएको हो । कांग्रेसको महामन्त्री पदमा गगनकुमार थापा र विश्वप्रकाश शर्मा विजयी हुनुभएको छ ।


**जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं ।**

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका,जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मद्यपान नगरौं
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*